# उच्च अदालत विराटनगर

## (प्रशासन शाखा)

रजिष्ट्रार :- ५२७१९७
प्रशासन :- ५२२८०२
फ्याक्स :- ५२७१९७
Email:
info.hcbiratnagar@supremecourt.gov.np
appealcourt.brt@gmail.com
Website: www.supremecourt.gov.np

पत्र संख्या :-०७६।७७
चलानी नं. :-

मिति :-२०७६/१२/२८

विषयः– सूचना! सूचना!! सूचना!!!

उपरोक्त सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०७६।१२।२८ गते बसेको पूर्ण बैठकको निर्णयानुसार कोरना भाइरस (कोभिड-१९) को महामारिको कारण उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै मिति २०७६।१२।७, २०७६१२।१२ र २०७६।१२।२१ मा बसेको पूर्ण बैठकको निर्णयानुसार तोकिएको अत्यावश्यक सेवाको काम बाहेक अन्य काम कारबाही गर्न देश Locksdown (बन्दाबन्दी) भएको अवस्थामा देहायको मितिबाट देहाय बमोजिमका काम कारबाही गर्ने गरी सम्मानित सर्वोच्च अदालतको च.नं. १७७६ मिति २०७६।१२।२८ को पत्र प्राप्त भएकोले सोही बमोजिम हुने व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. अभियुक्तलाई अनुसन्धान, तहकिकातका लागि हिरासतमा राख्न अनुमति दिने (म्याद थप गर्ने) अभियोग पत्र दर्ता गर्ने, पक्राउ परी आएका अभियुक्तहरुको बयान लिने, थुनछेक आदेश सम्बन्धी कार्य आजदेखि नै नियमित रुपमा हुने।

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनको कारबाही र सुनुवाई बन्दाबन्दीको अवधिमा भएका लिखत दरपीठ आदेश उपरको निवेदन दर्ता र सुनुवाई तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ११ बमोजिम दर्ता भइसकेका पुनरावलोकनका निवेदनको सुनुवाई सम्बन्धी कार्य आगामी आइतबार अर्थात चैत्र ३० गतेबाट संचालन हुने।

३. बन्दाबन्दीको अवस्था समाप्त भए पश्चात अदालतको कामकारबाही व्यवस्थापन गर्न लाग्ने समयसमेतलाई मध्यनजर गरी अवधि समाप्त भएको मितिले तीन दिन पछि मुद्दाको नियमित सुनुवाई लगायतका अन्य काम कारबाहीहरु नियमित रुपमा संचालन हुने।

४. मिति २०७७ साल वैशाख ३ गते रातीसम्म बन्दाबन्दीको अवधि थप भएकोमा सो अवधि पश्चात पनि नेपाल सरकारबाट बन्दाबन्दीलाई निरन्तरता दिइएमा सो अनुरुप थप हुन जाने अवधिसम्म अदालतको कार्य संचालन सम्बन्धी मिति २०७६।१२।१२ गते बसेको पूर्ण वैठकबाट तोकिएका कार्यहरु नियमित रुपमा संचालन हुनेछन्।

मणिराम पोखरेल
(उप-रजिष्ट्रार)